DEMOCRACY RESOURCE CENTER

COCAP

NepalMonitor.org NEPAL MONITOR human rights. security. nepal

# निर्वाचनको वातावरणमा सप्तरी घटनाको असर

विश्लेषण अद्यावधिक – २

अवधिः फागुन २४ देखि चैत २, २०७३

प्रकाशितः चैत १५, २०७३

**सारांश**

फागुन २३ गते सप्तरीको मलेठमा सुरक्षाकर्मीसँगको मुठभेडमा सुरक्षाकर्मीको गोली लागी पाँच मधेशी नागरिक मारिए[1] । यस घटनाले मधेशी मोर्चा समर्थकहरुलाई विरोध प्रदर्शन गर्दै तत्कालै सडकमा पुऱ्यायो र वर्तमान राजनीतिक वातावरणमा निर्वाचन सम्पन्न गर्नसक्ने क्षमता माथि नै देशव्यापी बहस छेडयो । चैत २ मा मधेशी मोर्चाले सरकारबाट समर्थन फिर्ता लिने निर्णय गर्दै निर्वाचनको विरोधमा विभिन्न कार्यक्रम गर्ने घोषणा गऱ्यो[2] ।

फागुन २४ देखि चैत २ सम्म तराईमा सरकारी कार्यालयहरुमा तोडफोड, सार्वजनिक सवारी साधनहरुमा आगजनी र मधेशी मार्चा समर्थकहरुको सुरक्षाकर्मी तथा नेकपा (एमाले) समर्थकहरुबीच झडपजस्ता कम्तीमा २० ओटा हिंसात्मक घटनाहरु घटे (तल नक्शामा हेर्नुहोस्) । नेकपा (एमाले) को मेची-महाकाली अभियानविरुद्ध पश्चिम तराईका विभिन्न भागमा पनि कडा प्रतिकार भए । मधेशी मोर्चा र थरुहट तराई पार्टीका समर्थकहरुले चैत १ मा बाँके र भोलिपल्ट कैलालीमा सो अभियानअन्तर्गतका कार्यक्रमहरु बिथोल्न खोजेका थिए । ठोस राजनीतिक समाधानबिना सरकारले स्थानीय तह पुनर्संरचना लागु गर्ने र निर्वाचनको तयारी गर्न थाल्ने, तथा चुनावी अभियानहरु जारी नै रहने हो भने विरोध प्रदर्शन र यससँग सम्बन्धित घटनाहरु पनि जारी नै रहने देखिन्छ[3] । स्थानीय तह पुनर्संरचनाविरुद्ध केही प्रदर्शनबाहेक निर्वाचन घोषणा भएयता तराईबाहेकका क्षेत्रमा निर्वाचन लक्षित कुनै गम्भीर घटना भने घटेका छैनन् ।

---

[1] मधेश केन्द्रित सात राजनीतिक दलको गठबन्धन मधेशी मोर्चाले नेकपा (एमाले) को मेची-महाकाली अभियानको कार्यक्रमलाई बिथोल्न खोज्दा उक्त घटना भएको हो । यस घटनाबारे विस्तृत जानकारीको लागि डिआरसीएन र कोक्याप/नेपाल मोनिटरद्वारा प्रकाशित विश्लेषण अद्यावधिक –१ हेर्नुहोस् ।

[2] सप्तरी घटनाको दुई दिनपछि फागुन २५ मा मधेशी मोर्चाले सरकारलाई एक हप्तामा पूरा गर्नुपर्ने पाँच बुँदे माग प्रस्तुत गऱ्यो र माग सम्बोधन नगरे सरकारबाट समर्थन फिर्ता लिने चेतावनी दियो । ज्ञापनपत्रमा उल्लेख मागहरु यी थिए: वैशाख ३१ मा घोषित स्थानीय चुनाव फिर्ता लिनुपर्ने, संविधानको संसोधन गर्नुपर्ने, स्थानीय तहलाई प्रदेश मातहत राख्नुपर्ने र सरकार गठनको बेला गरिएको तीन बुँदे सम्झौता लागु गर्नुपर्ने । सरकारले माग सम्बोधन गर्न नसकेपछि चैत २ मा मोर्चाले सरकारबाट समर्थन फिर्ता लियो र हडतालको आह्वान गऱ्यो जसमा अनेकौं हिंसात्मक घटनाहरु भए, साथै स्थानीय निर्वाचन बिथोल्ने घोषणा गऱ्यो ।

[3] नेपाल सरकारअनुसार नयाँ स्थानीय तह चैत २ देखि लागु भयो । नयाँ संरचनाअनुसार चार महानगरपालिका, १३ उपमहानगरपालिका, २४६ नगरपालिका र ४८१ गाउँपालिका गरी ७४४ स्थानीय तहहरु रहेको छ ।

हिंसात्मक भडपपछि सप्तरीमा भएको मृत्यु र मधेशी मोर्चाको सरकारबाट समर्थन फिर्ता लिने तथा निर्वाचन बिथोल्ने निर्णयले पहिलेदेखि नै अस्थिर रहेको तराईको राजनीतिक र सुरक्षा अवस्थालाई थप अनिश्चित बनाएको छ । मधेशी राजनीतिक दलहरुले चुनाव अगाडि संविधानका विवादित मुद्दाहरु सम्बोधन गर्नुपर्ने माग उठाइरहेकै छन् र नयाँ स्थानीय तहको निर्माण तथा निर्वाचनको विरोध गर्ने बारम्बार दोहोऱ्याएका छन् । अहिलेको यस्तो अवस्थामा तराई क्षेत्रमा निर्वाचन नहुने गम्भीर चिन्ता बढेको छ र यदि राज्यले बलपूर्वक निर्वाचन गराउन खोज्यो भने हिंसाका घटनाहरु बढ्ने सम्भावना देखिन्छ ।

जनसङ्ख्याको महत्वपूर्ण हिस्साहरुको सहभागिता बेगर गरिने चुनाव र हिंसा तथा समुदायहरुबीच अविश्वास सिर्जना गर्नसक्ने निर्वाचनले विगत कैयौं वर्षमा प्राप्त गरिएका महत्वपूर्ण उपलब्धिहरुलाई नै उल्टाउने खतरा हुन सक्छ । अझ बढी शक्तिसम्पन्न स्थानीय सरकारमा नवनिर्वाचित पदाधिकारीहरुसँगै अझ सबल तवरले अघि बढने उपयुक्त मौका भएको बेला यस्तो परिस्थिति र घटनाहरुले समुदायहरुलाई एक ठाउँमा आउन रोक्न सक्छ ।

## फागुन २४ देखि चैत २ को अवधिमा घटित घटनाहरुको विवरण

### *निर्वाचनसम्बन्धी घटनाहरु*

सप्तरीको भडप लगत्तै मधेशी मोर्चाले फागुन २४-२५ मा दुईदिने तराई बन्दको आह्वान गऱ्यो । मिडिया रिपोर्टअनुसार विशेषगरि सप्तरी, मोरङ, सिरहा, धनुषा, रौतहट, बारा, पर्सा, नवलपरासी र बाँकेलगायत तराईभरि नै बन्दको पूर्ण प्रभाव रहयो[4] । साथै मधेशी मोर्चाले फागुन २७ गते नेपाल बन्दको आह्वान गऱ्यो । यो बन्द पनि तराईभरि उत्तिकै प्रभावकारी रहयो र आंशिकरुपमा काठमाण्डु पनि प्रभावित भयो ।  राजधानीमा बन्द गराउँदै गर्दा प्रहरीले ३० जना प्रदर्शनकारीलाई गिरफ्तार गऱ्यो[5] ।

यी हडतालहरुका अलावा सप्तरी घटनाले तोडफोड, आगजनी तथा मधेशी मोर्चा समर्थक र सुरक्षाकर्मी र नेकपा (एमाले) समर्थकबीच मुठभेडलगायत तराईभरि हिंसात्मक घटनाहरुको शृङ्खला नै सुरु भयो । फागुन २४ देखि चैत २ सम्ममा नेपाल मोनिटरले रेकर्ड गरेको निर्वाचन लक्षित ४० घटनामध्ये कम्तीमा २० हिंसात्मक छन्[6] । प्रायः सबै घटना तराईमा घटयो, त्यसमा पनि अधिकांश मध्य तथा पूर्वी तराईका जिल्लाहरुमा भयो ।

---

[4] सप्तरीमा हडताल फागुन २४ देखि २७ सम्म जारी रहयो ।

[5] http://nepalmonitor.org/reports/view/13610

[6] यस लिङ्कले नेपाल मोनिटरको घटना डाटाबेस देखाउँछ जहाँ माथि उल्लेखित हरेक घटनाको विवरण जान्न पाइन्छ ।

सप्तरीमा गोली काण्ड भए लगत्तै मधेशी मोर्चा समर्थकहरुले प्रदर्शनहरु गर्न थाले । अनेकौं सरकारी कार्यालयमा तोडफोड गरियो । फागुन २४ मा मधेशी मोर्चाका कार्यकर्ताहरुले सप्तरीमा स्थानीय शान्ति समितिको कार्यालय र सशस्त्र प्रहरी बलको जाँच पोस्टमा आगो लगायो भने पर्साको बीरगञ्जमा तथ्याङ्क कार्यालय, राजस्व कार्यालय र हुलाक कार्यालयमा तोडफोड गऱ्यो । सोही दिन मोर्चा समर्थकहरुले राष्ट्रपति विद्यादेवी भण्डारीको कपिलवस्तु भ्रमणको विरोध प्रदर्शनको क्रममा तौलिहवामा दुइटा ट्रयाक्टर जलाए । त्यसै दिन सप्तरीको राजविराजमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरु सवार गाडीमा प्रदर्शनकारीहरुको एउटा समूहले ढुङ्गा हान्यो । यस्तै आक्रमण राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता मोहना अन्सारी चढेको गाडीमा फागुन २६ मा भयो[7] । फागुन २५ मा प्रदर्शनकारीहरुले धनुषाको जनकपुरमा नेपाल पर्यटन बोर्डको कार्यालयमा आगजनी गऱ्यो । फागुन २६ मा मोर्चा समर्थकहरुले सप्तरीको राजविराजमा भूमिसुधार कार्यालयमा आगो लगायो र बन्दलाई अवज्ञा गरेको भन्दै एउटा बसमा पनि आगो लगाइयो । सोही दिन मोर्चा कार्यकर्ताहरुले राजविराजमा प्रमुख निर्वाचन आयुक्त अयोधी प्रसाद यादवको घरमा ढुङ्गा हान्नुको साथै नेमप्लेट पनि जलायो ।

नेकपा (एमाले) का समर्थकहरुले सप्तरी हिंसापछि अवरोध र आक्रमणको सामना गर्नु पऱ्यो । सिरहाको लहानमा फागुन २४ गते मोर्चा कार्यकर्ताहरुले नेकपा (एमाले) को कार्यालयमा कागजपत्र र फर्नीचर जलायो । त्यसैगरि चैत १ मा बाँकेको नेपालगञ्जमा नेकपा (एमाले) का कार्यकर्ताहरु बोकेको बसमा मोर्चा समर्थकहरुले आगो लगायो[8] । समाचारअनुसार दुवै घटनामा कोही पनि घाइते भएन । चैत २ मा नेकपा (एमाले) को मेची-महाकाली अभियानको विरोधमा थरुहट तराई पार्टीले कैलाली बन्दको आह्वान गऱ्यो र स्वागतद्वारमा आगो लगायो ।

तीन हिंसात्मक घटनामध्ये दुइटा मधेशी मोर्चा समर्थक र प्रहरीबीच भयो । फागुन २४ मा सप्तरी घटनामा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको विरोधमा मोर्चा समर्थकहरुले प्रदर्शन गर्ने क्रममा प्रहरीसँग सप्तरीमा झडप भयो र त्यस क्रममा प्रदर्शनकारीहरुले भारदहमा सशस्त्र प्रहरी बलको जाँच पोस्टमा आगो लगायो । त्यसपछि चैत १ मा मोर्चा समर्थकहरु र प्रहरीबीच बाँकेको गुनानामा झडप भयो । प्रहरीले पछि मोर्चा कार्यकर्ताहरुले ढुङ्गा प्रहार गर्दा हवाई फायर गर्नु परेको बतायो । अर्को झडप पर्साको बीरगञ्जमा फागुन २५ मा मोर्चा समर्थक र व्यापारीहरुबीच भयो जसमा मोर्चाका एकजना जिल्ला तहका नेता घाइते हुन पुगे । एकजना पसलेले बन्दको बेला पनि पसल खोलेको भन्दै मोर्चा कार्यकर्ताहरुले हातपात गर्दा भिडन्त भएको थियो ।

---

[7] उक्त गाडीमा सप्तरी गोली काण्डमा मारिएका व्यक्तिहरुको परिवारका सदस्यहरुले ढुङ्गा हानेको बुझिन्छ । मोहना अन्सारी त्यही घटनाको छानबीनको क्रममा सप्तरी गएकी थिइन । दुवै घटनामा प्रदर्शनकारी र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुमध्ये कोही पनि घाइते भएन ।

[8] घटनाको क्रममा मधेशी मोर्चा समर्थकहरुले नेपालगञ्जको उधरपुरमा मेची-महाकाली अभियानमा सहभागी नेकपा (एमाले) समर्थकहरु बोकेको गाडीमा आगो लगायो । एमाले समर्थकहरुलाई कार्यक्रम स्थलसम्म जान रोकिरहेका मोर्चा कार्यकर्ताहरुले यस घटनापछि नेपालगञ्ज बन्दको आह्वान गऱ्यो । पछि एमालेले मोर्चाको विरोध र बन्द छल्न कार्यक्रम स्थल रामलीला मैदानबाट सडक विभाग कार्यालयको परिसरमा साऱ्यो ।

**स्थानीय तह पुनर्संरचनासम्बन्धी घटनाहरु**

चुनाव घोषणा भएयता तराई बाहेकका क्षेत्रमा  राजनीतिक अवस्था सामान्यतया शान्तिपूर्ण नै रहेको छ । यद्यपि केही ठाउँमा जारी स्थानीय तह पुनर्संरचनासम्बन्धी घटनाहरु भए । कालीगण्डकी गाउँ परिषद्को केन्द्र बिर्घालाई बनाएको विरोधमा प्रदर्शन गर्दै आइरहेको स्याङ्जाको मिर्मिको नागरिकहरुले फागुन ३० मा स्थानीय जिल्ला विकास कार्यालयमा तालाबन्दी गरे । आदिवासी समुदायहरुको भाषा, इतिहास र संस्कृतिलाई नजरअन्दाज गरेको भन्दै खोटाङको आदिवासी जनजाति महासंघले स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदनविरुद्ध चैत १ मा प्रदर्शन गऱ्यो । सोही दिन धनकुटामा भर्खरै बनाइएको छथर गाउँ परिषद्अन्तर्गतको तीनओटा गाविसको नागरिकहरुले काइमानेलाई केन्द्र बनाएको विरोधमा जोरपाटीलाई वैकल्पिक केन्द्रको रुपमा स्थापना गरेको छ ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधिक शृङ्खलाको दोस्रो संस्करण हो । डिआरसीएनले स्थलगत अवलोकन, अनुसन्धान र वस्तुगत रिपोर्टिङ मार्फत् नेपालको लोकतन्त्रलाई प्रवर्धन गर्ने लक्ष्य लिएको छ । कोक्यापले नेपालको शान्ति प्रक्रियालाई विभिन्न तरिकाले सघाएको छ, तीमध्ये सामाजिक सुरक्षा प्रणालीलाई प्रवर्धन गर्ने, लोकतान्त्रिक अभ्यासहरुलाई सबल पार्ने र मानवअधिकारको संस्कृतिलाई विकास गर्ने मुख्य हुन् । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*



स्थानीय तह निर्वाचनको सेरोफेरोमा भएका राजनीतिक घटनाहरु
फाल्गुन २४ - चैत्र २, २०७३
२ चैत्र : आन्दोलनकारीले एमाले अभियानको स्वागतद्वार जलाए
२७ फाल्गुन : बन्दको अवज्ञा गरेको भन्दै सवारीमा तोडफोड
२५ फाल्गुन : वीरगञ्जमा बन्दकर्ता र तरकारी ब्यवसायीबीच झडप
२४ फाल्गुन : वीरगञ्जमा तनाव, प्रदर्शनकारीद्वारा सरकारी कार्यालयमा तोडफोड
२६ फाल्गुन : सप्तरीमा बन्दकर्ताले मध्यरातमा बस जलाए
२६ फाल्गुन : सप्तरीको जिल्ला भूमि सुधार कार्यालयमा मोर्चा कार्यकर्ताद्वारा आगजनी
२६ फाल्गुन : मोर्चा कार्यकर्ताद्वारा राष्ट्रिय मानव अधिकार आयोगकी प्रवक्ता चढेको गाडी तोडफोड
२६ फाल्गुन : सप्तरीमा बस तोडफोड
२५ फाल्गुन : राजविराजस्थित प्रमुख निर्वाचन आयुक्तको घर तोडफोड
२४ फाल्गुन : सशस्त्र प्रहरीको चेक पोस्टमा आगजनी
२४ फाल्गुन : सप्तरीमा मोर्चा कार्यकर्ता र प्रहरीबीच फेरि झडप, तीन सेल अश्रुग्यास प्रहार
२४ फाल्गुन : सप्तरी घटनापछि मधेस आन्दोलित
२५ फाल्गुन : बन्दकर्ताहरुद्वारा सुनसरीमा एउटा मोटरसाइकलमा आगजनी
कैलाली
बाँके
कपिलवस्तु
नवलपरासी
काठमाडौँ
पर्सा
बारा
रौतहट
धनुषा
सिराहा
सप्तरी
सुनसरी
घटनाहरुको प्रकार
अहिंसात्मक
हिंसात्मक
रिपोर्ट भएका घटनाहरुको संख्या
०
१ - २
३ - ४
५ - ११
२४ फाल्गुन : कपिलवस्तुमा राष्ट्रपतिविरुद्ध प्रदर्शन, २ ओटा ट्र्याक्टरमा आगजनी
२४ फाल्गुन : मोर्चाद्वारा जनकपुरको पिरारी चोकमा रहेको पर्यटन कार्यालयमा आगजनी
२४ फाल्गुन : एमाले लहान नगर पार्टी कार्यालय तोडफोड, कागजपत्र आगजनी
१ चैत्र : बाँकेमा प्रहरीमाथि आक्रमण गर्न खोज्दा दुई राउण्ड हवाइ फायर
१ चैत्र : एमाले कार्यकर्ता बोकेको बसमा मोर्चाले पेट्रोल बम हान्यो
१ चैत्र : एमाले जबर्जस्ती मधेस पसेको भन्दै मोर्चाले गर्‍यो नेपालगञ्ज बन्द
२४ फाल्गुन : बन्दकर्ताद्वारा नेपालगञ्जमा सवारीसाधन तोडफोड
NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal